दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६६ | बुटवल | २०८१ असोज ०६, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Sept.22, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन

बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१

**प्रधानमन्त्री रोजगार कार्यक्रम :**

# स्थानीयले रोजगारी त पाए, तर भएन गुणस्तरीय काम

**प्रधानमन्त्री रोजगार कार्यक्रममा प्यूठानका पाँचवटा पालिकामा १७ करोड बढी खर्चेर गरिएको बाटो, नाला सफा गर्ने, झार गोड्ने, गोरेटो बाटो बनाउने जस्ता कामहरु भए पनि गुणस्तरीय र प्रभावकारी हुन सकेनन् ।**

**राधिका भुसाल**
*प्यूठान*

स्थानीय तह आइसकेपछि नागरिकको जीवनस्तरमा सुधार ल्याउनुका साथै विकास निर्माणको कामलाई अगाडि बढाउन प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारणा अगाडि सारिएको थियो । मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिलाई परिचालन गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने र सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सरकारले यो कार्यक्रम सञ्चालन गरेको थियो । सरकारले ल्याएको यो कार्यक्रम राम्रो भए पनि काम भने प्रभावकारी हुन सकेको छैन ।

बेरोजगार नागरिकले सय दिन रोजगारीको अवसर पाउँदा आर्थिक अवस्था केही सुधार त भयो, तर विकास निर्माणको काममा भने गुणस्तर छैन । रोजगारी सिजर्नासँगै विकास निर्माणको काम प्रभावकारी हुनुपर्ने भए पनि प्यूठानमा भने प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बनेका योजनाहरु भेटिँदैनन् ।

प्यूठान नगरपालिका ५ स्थित सिद्धगुफा जाने करिब ७ सय मिटरको गोरेटोबाटो अहिले अवशेषको रुपमा मात्र देख्न पाइने पूर्व वडाध्यक्ष लक्ष्मण भण्डारीले बताए । 'प्रधानमन्त्री रोजगार कार्यक्रमबाट काम त भए तर कामले निरन्तरता पाएनन्,' उनले भने-'नाला सोर्ने काम पनि एकैछिनका लागि मात्रै हो ।' एकैछिन देखाउनका लागि काम गर्नुभन्दा थोरै काम गर्ने अलि टिकाउ काम गर्नुपर्ने उनले बताए । आफ्नो वडामा बनेका योजनामध्ये खोपकेन्द्रहरु सञ्चालनमा रहेको बताउँदै बाटा बनाउने, नाला सोर्ने, गोरेटोबाटा खन्ने काम सम्पन्न गर्दासम्म मात्र देख्न पाइने अर्को वर्ष नभेटिने गरेको उनको गुनासो छ ।

त्यस्तै स्वर्गद्वारी नगरपालिका-४ भिंग्रीस्थित रिङरोड नाला सरसफाइ योजना पनि अलपत्र अवस्थामा रहेको स्थानीयवासी एकराज कालाथोकीले बताए । आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट काम गरिएको बताउँदै अहिले हेर्दा काम भए/नभएको पत्तो नपाइने उनको भनाइ छ । सरुमारानी गाउँपालिका १ बांगेसालमा बनाएका संरचनाहरु पनि अहिले खोज्दा नभेटिने स्थानीय टंकबहादुर जिसीले बताए । गोरेटो बाटो निर्माण, कुलो मर्मत, नाला सरसफाइ जस्ता कामहरु प्रभावकारी नभएको उनको भनाइ छ ।

**सरूमारानीमा तीन करोडभन्दा बढी खर्च**



प्यूठान जिल्लाका नौवटै स्थानीय तहहरुका प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बनेका कतिपय योजनाहरु पुरानै अवस्थामा पुगेको सरुमारानी १ बांगेसालका स्थानीय टंकबहादुर जिसीले बताए । 'एकपटक काम गरेपछि पुन फर्केर हेर्दैनन्, बजेट पनि पर्दैन,' स्थानीयवासी जिसीले भने-'बनाएको योजनाले संरक्षण पाउँदैन अनि पुरानै अवस्थामा पुग्छ ।' विशेष गरी गोरेटो बाटो निर्माण, कुलो निर्माण, नालाहरु सरसफाइलगायतका काम अहिले अलपत्र अवस्थामा छन् । बड्डाँडा बजारमा पर्खाल निर्माण, वड्डाँडादेखि बेलडाँडा जाने सडकको नाला सोर्ने काम भए पनि बजेटअनुसार प्रभावकारी काम नभएको स्थानीय गुप्तबहादुर रानाले बताए । प्रधानमन्त्री रोजगार कार्यक्रमको तथ्याङ्कअनुसार सरुमारानी गाउँपालिकामा कार्यक्रम सुरु भएको दोस्रो वर्ष बेरोजगारको संख्या बढी देखिए पनि अहिले भने घट्दो अवस्थामा रहेको छ ।

कार्यक्रम सुरुवाती आर्थिक वर्ष ०७६/७७ मा ४ सय ३७ बेरोजगार सूचीकृत भएकाथिए भने अर्को वर्ष २०७७/०७८ त्यो संख्या बढेर ९ सय २९ पुग्यो । त्यसपछि २०७८-०७९ मा ६ सय ८२ जना श्रमिकहरु सुचीकृत भएका थिए । ०७९-८० मा भने अलिकति बढेर ७ सय ६४ जना थिए भने आर्थिक वर्ष २०८०/०८१ मा सूचीकृत हुने बेरोजगारहरूको संख्या ५ सय ७० जना पुग्यो । आर्थिक वर्ष ०७६-०७७ देखि गत आर्थिक वर्षसम्म ३ हजार ८२ जना बेरोजगारी सूचीकृत भएका छन् । यसमध्ये ६ सय ६९ जनाले रोजगारी पाएका छन् । प्रधानमन्त्री कार्यक्रमअर्न्तगत २०७९/०८० मा थक्लेनी-मुर्कुटी मोटरबाटो मर्मत, विरिङ्गकोट-लुकलुक मोटरबाटो मर्मत, बड्डाँडा-धनकोट मोटरबाटो मर्मत, कोटघर-बुढादेवी धारापानी मोटरबाटो मर्मत, बांगेसाल-कास्कोट मोटरबाटो मर्मतलगायतका योजनाहरु सम्पन्न भएका छन् । जसको भुक्तानी हुन बाँकी रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक तेजेन्द्र भण्डारीले जानकारी दिए । हालसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि ३ करोड ५८ लाख ४ हजार ९ सय ७७ रुपैयाँ खर्च बजेट रहेको छ ।

**प्यूठान नगरपालिकामा करिब ७ करोड खर्च**

त्यस्तै प्यूठान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवस्था हेर्दा सुरुको आर्थिक वर्ष २०७५/०७६ मा करिब ५ सय ५० जनाले रोजगारीका लागि आवेदन दिएका थिए भने ३ सय ५८ जनाले रोजगारी पाएका थिए । नगरपालिकाभित्रका ११ वटा योजनाका लागि ५५ लाख बजेट विनियोजन भएकोमा ५२ लाख ८२ हजार ७ सय ८४ रुपैयाँ खर्च भएको थियो । चालु आर्थिक वर्ष २०७६/०७७ मा सूचीकृत बेरोगारको संख्या ५ सय ५८ रहेको थियो । १५ वटा योजनाहरु सम्पन्न भएका थिए । चेरनेटा-दाखाकोट जोड्ने मोटरबाटो, काठेबर-जाबुने खोला हुँदै रानीचौर जाने बाटो निर्माण, सेपुङबाट चितिखोला जोड्ने गोरेटोबाटो निर्माण, ऐतिहासिक र सार्वजनिक गोरेटो बाटो मर्मतसम्भारलगायतका योजनाहरु सम्पन्न भएका थिए ।

१५ वटा योजनाका लागि ७६ लाख ८८ हजार रकम विनियोजन भएको थियो भने ५ सय २ जना श्रमिकले रोजगारी पाएका थिए । जसमा ७४ लाख ५४ हजार ७९ रुपैयाँ खर्च भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट अहिलेसम्मकै बढी आएको थियो । सूचीकृत बेरोजगारको संख्या बढेर २ हजार २ सय ४३ जना पुगेको थियो भने विनियोजित बजेट २ करोड ५६ लाख ४४ हजार रहेको छ । २९ वटा योजना सम्पन्न गर्नका लागि ४ सय ९६ जना श्रमिकले रोजगारी पाएको र बजेट शतप्रतिशत नै खर्च भएको तथ्यांक छ ।

आर्थिक वर्ष २०७८/०७९ मा सुचीकृत बेरोजगारका संख्या १२ सय ४ जना रहेका छन् । प्यूठान नगरपालिकाभित्रका १० वटै वडाहरुका ३४ वटा योजनाका काम भएको पाइन्छ भने ५ सय ९८ जनाले रोजगारी पाएका थिए । त्यस्तै गत आर्थिक वर्ष २०७९/०८० मा १ हजार ३ सय ७१ जना बेरोजगारी सुचीकृत भएकोमा २० वटा योजनाहरु सम्पन्न गर्न १ सय २५ जनाले मात्र रोजगारी पाएका थिए ।

आर्थिक वर्ष २०८०/०८१ मा २० वटा योजनाका लागि १ हजार ३ सय ५८ जनाले बेरोजगार सुचीकृत भए पनि ८० जना व्यक्तिले मात्र रोजगारीको अवसर पाएका छन् ।

» बाँकी ३ पेजमा

## आर्थिक प्रगति र पर्यावरणलाई सन्तुलित गर्छौं : अर्थमन्त्री



बुटवल । उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक प्रगति र पर्यावरण संरक्षणलाई सन्तुलित रुपमा अगाडि बढाइने बताएका छन् ।त्रिभुवन विश्वविद्यालय अर्थशास्त्री विभागद्वारा आयोजित अन्तर्राष्ट्रिय अर्थशास्त्र सम्मेलनलाई शनिबार सम्बोधन गर्दै उनले यस्तो बताएका छन् । नेपालले वातावरणीय अनुकुलनता, दिगोपना र समानतालाई प्राथमिकता दिनुपर्नै भन्दै उनले दिगो विकासको बाटो आवश्यक रहेको बताए ।

शनिबार संसारले विकास र पर्यावरणीय दिगोपनबिच सन्तुलन मिलाउन गम्भीर चुनौती सामना गरिरहेको भन्दै उनले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास, वन विनाश, प्रदूषण र प्राकृतिक स्रोतको अत्यधिक दोहन जस्ता समस्या केवल पर्यावरणीय चुनौती मात्र नभइ अर्थतन्त्र, सुरक्षा, र सामाजिक स्थायित्वका लागि पनि गम्भीर खतराका विषय भएको बताए ।

हिमालयको काखमा रहेको नेपाल जलवायु परिवर्तनका प्रभावका कारण अत्यन्तै जोखिममा परेका मुलुकमध्येको एक रहेको भन्दै उनले हिमनदी पग्लिने समस्या, मनसुनमा आएको परिवर्तन र बाढी तथा पहिरोको संख्या बढ्दै जानु हाम्रो अर्थतन्त्र, विशेषगरी कृषि, जलविद्युत् र पर्यटनका लागि चुनौती बनेको जनाए ।

» बाँकी ३ पेजमा

## मानव-वन्यजन्तु द्वन्द्व घटाउन सिमसार क्षेत्रको संरक्षण



**लुम्बिनी संवाददाता**
*दाङ*

लुम्बिनी प्रदेश सरकारले मानव वन्यजन्तु द्वन्द्व घटाउने उद्देश्यले वन्यजन्तुको सुरक्षित बासस्थान, आहारा प्रजातिको व्यवस्थापन गर्ने उद्देश्यले पानीको मुहान तथा सिमसार संरक्षण, वनभित्र संरक्षण पोखरी निर्माणलगायतका काम गरेको छ । गत आर्थिक वर्षमा ३१ वटा पानी मुहान तथा सिमसार क्षेत्रको संरक्षण गरिएको छ भने १३ वटा नयाँ संरक्षण पोखरी बनेका छन् ।

वन्यजन्तुको बासस्थान नासिँदै जाँदा, आहाराको अभाव हुँदा र पानीका मुलहरु सुक्दा वन्जयन्तु मानव बस्तीतर्फ पस्न थालेको विभिन्न अध्ययनले देखाएको छ । वन्यजन्तुको सुरक्षित बासस्थान, आहारा र पानीको स्रोत सुनिश्चित गर्न प्रदेश सरकारले योजनाबद्ध काम गरिरहेको वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले बताए । 'यो पोखरी पनि हामीले संरक्षणमा योग्दान पुऱ्याउन बनाएका हौं । वन्यजन्तुलाई पानी खोज्दै बस्तीमा जान नपरोस् । वन्यजन्तुलाई वनमै राख्न सकिएको खण्डमा मानव वन्यजन्तुबिचको द्वन्द्व घटाउन सकिन्छ । यसबाट पानीको स्रोत पनि संरक्षण हुन्छ र वन्यजन्तुको प्यास पनि मेटाउँछ,' उनले भने-'वन्यजन्तुको बासस्थान सुधारका लागि प्रदेश सरकारले कार्यक्रम गरिरहेको छ ।'

लुम्बिनी प्रदेशमा मानव वन्यजन्तु द्वन्द्वका कारण गत आर्थिक वर्ष २०८०/०८१ मा पाँच जनाको मृत्यु भएको र ८ जना घाइते भएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । बर्दिया जिल्लामा मात्र चार महिला तथा एक बालक गरी पाँच जनाको मृत्य भएको थियो । एक वर्षको अवधिमा भेडा/बाख्रा २१७, गाई/भैंसी ३१, बंगुर ४५, हाँस/कुखुरा १८१ वटाको मृत्यु भएको छ भने स्याल, चितुवा, वनबिरालो, निलगाइ, अजिङ्गर, बँदेल, बाँदर गरी ४१ वटा वन्यजन्तुको पनि मृत्यु भएको छ । १४ वटा चितुवा र मृग समेत घाइते भएका छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# दोषीलाई कारबाही र बचत फिर्ता हुनुपर्छ

संसदीय छानबिन विशेष समितिले अध्ययन गरेका ४० वटा संस्थामा मात्र बचतकर्ताको ७१ अर्ब ३० करोड ४३ लाख रुपैयाँ अपचलन भएको प्रतिवेदन सार्वजनिक गरेको छ । सार्वजनिक प्रतिवेदनअनुसार, ३ अर्ब ८१ करोड सेयर पुँजी रहेको ती संस्थाको कुल सम्पत्ति करिब १३ अर्ब रुपैयाँ छ। संसदीय छानबिन समितिको यो अध्ययनले सहकारी क्षेत्र भद्रगोल बनाइएको देखिन्छ । सञ्चालकको मनपरीमा राज्यसंयन्त्र निरिह हुँदा सर्वसाधारणको पुँजी जोखिममा परेको स्पष्ट भएको छ । मुलुकमा संघीय शासन प्रणालीअनुसार सहकारी संस्थाको नियमन गर्ने निकाय चुस्त नबनाउँदा सहकारी संस्थाहरु बेलगाम भएको देखिन्छ, यो राज्य संयन्त्रको कमजोरी हो ।

सहकारी संस्थाको लगानी सदस्यहरुलाई गर्ने हो । त्यो लगानी प्रक्रियागत रुपमा मात्रै हुने हो । तर सहकारी संस्थाबाट गैरसदस्य र कम्पनीलाई ऋण दिनु सरासर गलत काम हो । र, ऋणका लागि सदस्य बनाउने प्रवृत्तिले पनि गलत धन्दा मौलाएको देखिन्छ । गोरखा मिडिया नेटर्वकमा भएको ६५ करोड रुपैयाँ प्रवाह कुनै पनि ढंगले ठिक मान्न सकिंदैन । सर्वसाधारणको बचत रकम निकालेर मिडिया कम्पनीमा लगानी गर्नु सहकारीको मर्मविपरीत र गैरकानुनी काम हो ।

गोरखा मिडियाको अध्यक्ष जीबी राई र प्रबन्ध निर्देशक रवि लामिछाने थिए । समस्याग्रस्त घोषित, सार्वजनिक रूपमा प्रश्न उठेका गोर्खा मिडिया नेटवर्कसँग सम्बन्धित र अन्य गरी तीन वटामा वर्गीकरण गरेर समितिले सहकारीको अध्ययन गरेको थियो । सार्वजनिक रूपमा प्रश्न उठेका सुप्रिम, साहारा, सूर्यदर्शन, समानता, स्वर्णलक्ष्मी र सानो पाइला सहकारीले मात्र ६ अर्ब ३२ करोड रुपैयाँ बचत फिर्ता गर्न सकेका छैनन् ।

ती सहकारीबाट ६५ करोड ५४ लाख रकम गोर्खा मिडिया नेटवर्कमा अपचलन भएको समितिको निष्कर्ष छ। यही निष्कर्षका आधारमा समितिले सहकारी बचत अपचलनमा गोर्खा मिडियाका अध्यक्ष गीतेन्द्रबाबु (जीबी)राई, तत्कालीन प्रबन्ध निर्देशक तथा रास्वपा सभापति रवि लामिछाने तथा सञ्चालकहरू छविलाल जोशी र कुमार रम्तेलमाथि कारबाहीको सिफारिस गरेको छ ।

संसद सचिवालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रिपरिषद् बैठकले सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय भएपछि कारबाही प्रक्रिया अघि बढेको छ । संसदीय छानबिन समितिले यसअघि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले सहकारीसम्बन्धी अनुसन्धान प्रतिवेदन लुकाएको तथ्य पाएको छ । गृहमन्त्री रवि लामिछाने भएका बेला अनुसन्धान प्रतिवेदन नै लुकाइएको थियो । सत्ता शक्तिको आडमा अपराध कर्मलाई कसरी लुकाइन्छ भन्ने यो एउटा ज्वलन्त प्रमाण हो ।

संसदीय समितिको प्रतिवेदनले दोषी देखिएकालाई कारबाहीका लागि प्रक्रिया अघि बढ्नु सकारात्मक छ । उनीहरु कारबाहीको दायरामा आउँदा आगामी दिनमा गलत गर्नेहरु हच्किने त छन्, तर अहिले बचत फिर्ता नपाएका सहकारी सदस्यले कसरी पाउँछन् ? सरकारले त्यसतर्फ ध्यान दिनुपर्छ । सर्वसाधारणको बचत फिर्ता पाउने सुश्चितता महत्वपूर्ण सवाल हो ।

# कृषिकर्मको अवमूल्यन !





प्राडा एकारत्न आचार्य

हामी नेपाली अधिकांश कृषिकर्ममा परिचित छौं । केही ज्ञान यसका विधि-प्रविधिबारे हामी र हाम्रा छोराछोरीलाई पनि थाहा छ । साथै सबैभन्दा छिटो उत्पादन र कमाइ हुने क्षेत्र र कर्म पनि कृषि नै हो । त्यसैले स्नातक तहमा उक्त विषयको अन्तरविषयक एकबर्से प्रयोगात्मक कोर्ष र स्नातकोत्तर तहमा एकबर्से इन्टर्नसिप कोर्ष राखिएको छ । हाम्रा विश्वविद्यालय, स्कुल, सङ्घ संस्था, समुदाय र राज्यको सरकारी खाली रहेको जग्गा तथा व्यक्तिको समेत खाली जग्गा उपयोग हुने गरी शिक्षा र श्रम जोड्न राज्यलाई सहयोग गरौं भन्ने अभिप्रायले यो अवधारणा अगाडि सारिएको हो । शिक्षाको क्षेत्रको व्यावहारिक उपयोगका लागि शिक्षा क्षेत्रले अगुवाइ गरौं भन्ने अर्को शैक्षिक उद्देश्यले समेत यो अवधारणा अगाडि सार्न खोजिएको हो । त्यसका लागि कहीं न कहीं केही बाध्यकारी वा अनिवार्य विषय राखेमा यसलाई उपयोगमा ल्याउन सजिलो हुन्छ । त्यसैले त्यस्तो जोड्ने अन्तरविषयक विषय कृषि र वन हुन सक्ने छ ।

**कमाउँदै पढ्दैको प्रयोगात्मक अवधारणा :**

कमाउँदै पढ्दै वातावरण सिर्जना गर्न विश्वविद्यालयका सबै सङ्काय र संस्थानमा एकबर्से इन्टरडिस्प्लिनरी कोर्षअन्तर्गत (२० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत प्रयोगात्मक) का कक्षा राखिएको छ । कृषि क्षेत्रमा बढी ध्यान दिएर (कृषिका कम्तीमा सात वटा आइटममा उत्पादन गरेर नमूना प्रस्तुत गर्नै पर्ने) सबैभन्दा छिटो उत्पादन र कमाइ हुने कृषि विषयकको कोर्ष राखेर हाम्रा विश्वविद्यालय, स्कुल र खाली रहेको संस्था, समुदाय तथा व्यक्तिको समेत खाली जग्गा उपयोग हुने गरी राज्यलाई शिक्षा क्षेत्रले अगुवाइ गरेमा कार्यान्वयन सहज हुने थियो ।

युथ रिपोर्ट डिजिटल भर्सन २०१७ का अनुसार खास गरी पढ्ने उमेरका धेरै युवा जो नेपालको जनसंख्याको २८ प्रतिशत (१५-२४) उमेर समूहका छन् । यस्ता कार्यक्रम लागु गरेमा तिनीहरूको शिक्षालाई श्रमसँग जोड्न सकिन्छ । सोको व्यवस्थापनका लागि काम गर्न हामी सबै तयार हुनु पर्छ । नेपालका लागि कृषि तथा वनसँग जोडिएको शैक्षिक तथा अन्य व्यवसाय नै विकासका लागि पहिलो विकल्प हो ।

विभिन्न संस्थाको खाली रहेको जग्गा पनि हाम्रा पढ्दै गरेका जनशक्तिलाई समूह बनाई निश्चित अवधिको अध्ययन कालमा उपयोग गर्ने नीति बनाएमा छोटो अवधिमै हुने बाली लगाउन सकिन्छ । जस्तै : फर्सी, खुर्सानी, लटे, अलैंची, अदुवा, हलेदो, रायोको साग इत्यादि । हामी किसानकै छोराछोरी भएकाले उनीहरूलाई पनि खेतीसम्बन्धी केही न केही जानकारी हुन्छ नै । अरू के के खेती छोटो अवधिमा उत्पादन हुन्छ भन्ने अनुभव पनि छ । बाबुआमा तथा अन्यबाट पनि जानकारी लिन सक्ने भएकाले सो कुरा व्यवहारमा ल्याउन पाए साँझ, बिहानको र अरू खाली समय सदुपयोग हुन्थ्यो । खर्च पुगेन भनी पढ्दै गरेका विद्यार्थी भौंतारिन पर्ने थिएन । इजरायलको घटनाले पङ्क्तिकारलाई निकै पिरोलेको छ । त्यस कारण कमाउँदे पढ्दैको अवधारणा पटक-पटक कोट्याउने गरेको स्मरण गरेको हुँ ।

हामी स्कुल पढ्दादेखि कमाउँदै पढ्दै गरेको हो । बिहान तथा बेलुका कृषि तथा पशुपालनमा खटिन्थ्यो । पशुलाई घाँस काटेर खुवाउने, आफ्नै करेसाबारीमा तरकारी फलाउने, खेतबारीमा मकै, धान, गहुँ, जौ, फलाउने, कान्लामा घाँसपात र लहरे बाली बोडी, गहत, झिलिङ्गे (सिल्टुङ), भटमास, मास इत्यादि लगाइन्थ्यो । घरमा चाहिने अन्नबाली र सागसब्जी, गेडागुडी, आलु र दाल आदि घरमै पुग्थ्यो र बढी भएका उत्पादनजन्य उक्त सामग्री बिक्री पनि गरिन्थ्यो । साथै अरू आर्थिक उपार्जनका व्यवसाय पनि सँगै चल्दथे । बाख्राका पाठापाठी, कुखुराका चल्लाचल्ली, भैंसीका पाडापाडी, गाईका बाच्छाबाच्छी गाईभैंसी र तिनको दूध-घ्यू बेचेर र मल खेतबारीमा प्रयोग गरेर अनि बढी भएको बेचबिखन गरेर पनि दुईचार पैसा आउँथ्यो ।

त्यसैबाट आएको पैसाले वराफरी, केटाकेटीको फिस आदि तिरिदिनुपर्ने हुन्थ्यो । अहिले ती काम सबै हराउँदै गए । अनि बाबु आमाले घरबाट पैसा कहाँबाट पठाउने ? घरबाट सो पैसा पठाउन सक्ने परिवेश पनि छैन । त्यसो भएपछि युवा घर छोडेर बाहिर बसेर पढ्ने स्थिति रहेन र रहन्न पनि । बाध्य भएर घर छोडी कमाउने र पढ्ने गर्न देश बाहिर जान पर्ने स्थिति आएको छ । विदेश गएर केही समय पढ्ने र केही समय काम गरेर कमाउने गर्छन् हाम्रा छोराछोरी । त्यस्तो अवसर देशभित्रै दिन हामीलाई केले रोक्यो ? उल्टै आंशिक रूपमा पढेको भए पनि उतैको शिक्षा र शैक्षिक उत्पादन हामी अब्बल पनि ठान्छौं ! त्यसैले हप्तामा केही दिन पढाइमा दिने र केही दिन काममा लगाउने गरी शिक्षा नीति बनाऔं र सोही अनुरूपको छिटोछरितो पाठ्यक्रम पनि बनाऔं ।

यता किसानले मल तथा बिउ आफैं उत्पादन पनि नगर्ने र राज्यबाट पनि समयमै मलखाद बिउबीजन नपाउने अवस्था छ । हाम्रो पुरानो पाराको घरायासी मल बिउ पनि नहुने, जोतखन गर्न गोरुपाडा पनि नपाल्ने र कृषि कर्मका औजार पनि नभएपछि हामी सबै कामविहीन भयौं । हाम्रा बालबच्चाले विदेशकै कल्पना गर्न थाले र उतै पलायनको स्थिति आयो होइन र ? त्यसैले देश विकास गर्ने र युवा जनशक्तिलाई यहीं राख्न सबै सङ्काय र संस्थानमा अनिवार्य विषयकका रूपमा कृषि तथा वनजन्य कर्म/पशुपालन/पन्छी/माछा/मौरी पालनको एकबर्से कोर्षको अन्तरविषयक (इन्टरडिस्प्लनरी) प्रयोगात्मक कोर्ष राख्ने नीति ल्याई कार्यान्वयन गरौं भन्ने अवधारणा आएको हो । एकबर्से कृषि विषयको पठनपाठन र प्रयोगात्मक अभ्यासका लागि चाहिने जनशक्ति अहिलेको मौजुदा जनशक्तिबाटै पूरा गर्न सकिन्छ । त्यहाँ चाहिने गणितीय ज्ञान, रासायनिक बिसादी तथा रसायन सम्बन्धित ज्ञान, भौतिक तथा इञ्जिनियरिङ, भाषिक ज्ञान, व्यवस्थापनको ज्ञान, स्वास्थ्य र शारीरिक ज्ञान, सामाजिकीकरण सम्बन्धित ज्ञान, कानुनी ज्ञान, अन्य शैक्षिक ज्ञानको समायोजन गर्न सकिन्छ । कृषि र वन विज्ञानको ज्ञान सम्बन्धित विषयविज्ञबाट हुन्छ भने हाम्रा सनातनी विधि प्रविधिको ज्ञान हाम्रा अग्रज किसान अभिभावकबाट समुदायमा जाँदा पाइने छ । यस्ता विषयले समाज र विकासलाई जोडी देश विकासको क्षेत्रमा जुरुक्क उठ्ने छ । नेपाल र नेपालीको जीवनमा स्तरोन्नति ल्याई समृद्ध नेपाल र समृद्धिबाट सुखी नेपाली बनाउन यस क्षेत्रमा लगानी बढाउनु पर्छ ।

हाम्रो ग्रामीण परिवेश र हाम्रो अवस्था : कृषिप्रधान देश, खेतबारी बाँझो, विश्वविद्यालयमा कृषि, वन, बागवानीलगायतका प्राविधिकलगायत विभिन्न सैद्धान्तिक विषयका पठनपाठन, प्रयोगात्मक परीक्षा वास्तविक क्षेत्रमा गर्न नसकिएको अवस्था, विद्यार्थी आर्थिक अभावमा पिल्सिएको अवस्था, कमाउँदै पढ्दैका लागि बिदेसिएको अवस्था ।

**किन कृषिमा जोड दिने ?**

कम लगानीमा छिटो प्रतिफल दिने व्यवसाय नै कृषि हो । साँझ बिहान र फुर्सदको समयको सदुपयोग गर्न सकिने, खाली तथा बाँझो जमिनको उपयोग गर्न सकिने, नगदे बाली लगाई आय आर्जन गर्न सकिने, कृषि व्यवसायले अन्य व्यवसायलाई प्रवर्द्धन गर्न सक्ने, सनातनी विधि तथा प्रविधिको उपयोग गर्न सकिने छ । कृषिमा अध्ययनरत विद्यार्थीलाई कृषिमा दक्षता बढाउन प्रयोगात्मक क्षेत्रमै बढी उद्दत गराउन सकेमा विश्वविद्यालयको खेर गएको जमिनबाट उत्पादन गरी सोबाट विद्यार्थीलाई र विश्वविद्यालयको आम्दानी बढाउन सकिने छ । घरमा समेत सनातनी विधिप्रविधि र आधुनिक प्रविधि प्रयोग गरी कृषिमा उत्पादन बढाई परिवार, समाज र राष्ट्रको विकासमा फड्को मार्न सकिने छ ।

**नमूना खेती योजना :**

त्रिविअन्तर्गतका आङ्गिक क्याम्पस जस्तै : विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा अध्ययनरत विद्यार्थी संख्याको लगत लिएर यहाँ अध्ययन गर्न आएका विद्यार्थीमध्ये त्रिवि होस्टेल वा बाहिर कोठा लिएर बसेका उही विषय वा फरक फरक विषय अध्ययन गर्ने कृषिमा रुचि भएका र केही सहयोग हुने काम वा अवसर आवश्यक भएका विद्यार्थीको १०/१० जनाको टिम बनाउँ । विश्वविद्यालय क्याम्पस, त्रिवि केन्द्रीय कार्यालय, डिन कार्यालयलगायत कीर्तिपुरमा रहेको विश्वविद्यालयको खाली जमिन उपयोग गरी कम्तीमा पनि तरकारी र छोटो अवधिका बालीबिरुवाको खेती गरौं । घरबाट केही सहयोग नआउने वा शिक्षण शुल्क पनि जुटाउन नसक्ने विद्यार्थीलाई यसबाट ठूलो राहत हुनेछ ।

विभागबाट वा प्रिन्सिपल कार्यालयले यस्तो कमाउँदै पढ्दैको कार्यक्रममार्फत् विद्यार्थीलाई सहयोगको नीति अवलम्बन गर्नु विश्वविद्यालय तथा विद्यार्थीको हितमा हुने देखिन्छ । १० जनाको विद्यार्थीको टिमलाई एक-एक रोपनीको दरले उक्त कृषि कर्म गर्न दिने र तिनीहरूको शैक्षिक वर्ष पूरा भएपछि स्वतः सो जमिनमा सो काम गर्न नपाउने र अर्कोलाई अवसर दिने । सम्भव भएमा शिक्षक तथा कर्मचारीलाई पनि सो अवसर उपलब्ध गराउन सके यसले पनि विश्वविद्यालय, शिक्षक तथा कर्मचारीलाई सहयोग पुगी कालान्तरमा राज्यलाई नै फाइदा हुनेछ । यो कार्यक्रम कृषि र वनको डिन कार्यालयको समन्वयमा भएमा निकै प्रभावकारी हुन्थ्यो । अन्य क्याम्पसमा नसके पनि कृषि र वन सञ्चालन भएका क्याम्पसमा अध्ययनरत विद्यार्थीले अनिवार्य १०० पूर्णाङ्क प्रयोगात्मक अभ्यास गरि कृषि वा वनमा आधारित उत्पादन गर्नैपर्ने बनाउनु नितान्त जरुरी छ । त्रिभुवन विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्रीको हालै एक दैनिकमा प्रकाशन भएको एउटा लेख र वेबपेजमा राखिएको उपकुलपतिको त्रिविसम्बन्धी सोचपत्र पढ्दा उक्त क्षेत्रलाई कमाउँदै पढ्दैको अवधारणाका कार्यक्रममा राज्य र शैक्षिक निकायले जोड्न सकेमा राम्रो हुन्थ्यो भन्ने महसुस भएको छ ।

कृषिप्रधान देशका हामी नेपालीलाई कृषि र वनबाट नै यथेष्ठ कमाइ हुने र खान हामीलाई अन्न र सागसब्जी, तरकारी, दुध, माछामासु नै चाहिन्छ । हामी आफैंले खेर फालिरहेको खाली रहेको जमिन अनि हाम्रो शारीरिक श्रमलाई कृषि र वनसँग जोडेर कमाइ गर्न सक्ने भएकाले 'कृषि र वन हाम्रो धन' भनिएको मात्र होइन यो यथार्थ पनि हो । जय कृषि र वन त्यही हो हाम्रो असली धन ! गोपबाट

# सामुदायिक वनसँग कर नलिन सर्वोच्चको अन्तरिम आदेश

नवलपुर । गण्डकी प्रदेश वन ऐन २०८० बमोजिम गण्डकी प्रदेशका सामुदायिक वनहरुले बिक्री वितरणबाट प्रदेश सरकारलाई बुझाउनु पर्ने करको तत्काललाई लागू नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश वन ऐन २०८० असोज २९ गते जारी गरेको थियो । उक्त ऐनको दफा ३५ को उपदफा ४ र ५ बमोजिम सामुदायिक वनहरुले उपभोक्तालाई बिक्री गरेको काठको १० प्रतिशत र बाहिर बिक्री गरेको काठको ३० प्रतिशत रकम प्रदेश सरकार मातहत रहेको प्रदेश संचित कोषमा बुझाउनु पर्दथ्यो ।

कावासोतीको हसौरामा रहेको शंखदेव हसौरा सामुदायिक वनले सर्वोच्च अदालतमा प्रदेश सरकार र वन मन्त्रालयलाई विपक्ष बनाएर हालेको मुद्दामा सर्वोच्च अदालतले तत्कालका लागि कार्यान्यन नगराउनु भनेर अन्तरिम आदेश दिएको हो ।

सामुदायिक वनहरुले समूहभन्दा बाहिर बेचेको काठको रकमको ३० प्रतिशतमा १० प्रतिशत सम्बन्धित सामुदायिक वन रहेको स्थानीय तहमा आउने र २० प्रतिशत प्रदेश सरकारमा रहने गरी वन ऐनमा व्यवस्था गरेको छ । नेपालको संविधानको अनुसूची ९ को क्रमसंख्या ६ र १४ बमोजिम संघीय कानुनमार्फत् प्राकृतिक सोतबाट रोयल्टी कर लाग्ने सक्ने देखिएको र अनुसूची ६ मो सो विषयमा स्पष्ट व्यवस्था नरहेको अवस्थामा गण्डकी प्रदेश वन ऐन २०८० को दफा ३५ (४) र (५) को संवैधानिकताको प्रश्न रहेको तथा यी व्यवस्थाहरु हाल कार्यान्वयन हुँदा वन उपभोक्ता समूहरुलाई कार्य सञ्चालन र व्यवस्थापनमा समेत प्रतिकुल असर परी अपुरणीय क्षति पुग्न सक्ने देखिँदा उल्लेखित कानुन व्यवस्थाहरु प्रस्तुत रिट निवेदनको टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिएको छ । सर्वोच्चद्वारा जारी आदेशमा भनिएको छ ।

गत वर्ष काठ दाउरा बिक्री वापत नवलपुरका सामुदायिक वनहरुले मात्रै उपभोक्तालाई बिक्री गरेको काठमा लाग्ने १० प्रतिशत करअन्तरगत १ करोड ३० लाख रुपैयाँ राजस्व बुझाएका थिए भने त्यसैगरी उपभोक्ता बाहिर बिक्री गरेको काठ वापतको ३० प्रतिशत करअन्तरगत ३ करोड १३ लाख ६६ हजार गरी ४ करोड ४३ लाख ७५ हजार रुपैयाँ राजस्व बुझाएको डिभिजन वन कार्यालय नवलपुरका वन अधिकृत शिशिर लम्सालले बताए ।

सर्वोच्चको अन्तरिम आदेशपछि भने हाललाई राजस्व असुली रोकिएको लम्सालले जनाए । सर्वोच्चको आदेशका पूर्ण पाठ नआउँदासम्म राजस्व संकलन कार्य अलमल भएको उनले बताए ।

सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला महासंघ नवलपुरका सचिव सुशिल पौडेलले भने सामुदायिक वन सरकारलाई कर तिर्न तयार रहे पनि दोहोरो तेहोरो कर तिर्न तयार नभएका कारण प्रदेश सरकारको उक्त कानुनविरुद्ध सर्वोच्च अदालत गएको बताए । पौडेलका अनुसार उपभोक्ता बाहिर बिक्री गरेको काठबाट संघीय सरकारलाई सामुदायिक वनले २५ तिर्ने गरेको र त्यसमाथि प्रदेश सरकारले फेरि ३० प्रतिशत कर लगाएपछि आफूहरु अदालत पुगेको जनाए । सामुदायिक वनलाई सरकारले साझेदारी वनको ढाचामा सञ्चालन गर्न खोजेको समेत उनले आरोप लगाए ।

# उच्च रक्तचाप भनेको के हो, कसरी बच्ने ?

उच्च रक्तचाप भनेको यस्तो अवस्था हो जसमा रगत प्रवाह हुने रक्तनलीहरूमा चाप बढी हुने गर्छ । यसले गर्दा रक्तनलीहरूमा क्षती पुग्छ र ती रक्तनलीहरू बन्द हुने सम्भावना बढाउँछ ।

अधिकांश बिरामीहरूलाई बढ्दो उमेरसँगै उच्च रक्तचापको समस्या हुने गर्दछ । केही अन्य समस्या जसमा उच्च रक्तचाप कम उमेरमै देखिन थाल्छ, यसको कारण अरु नै हुन सक्दछ, जस्तैः मिर्गौलासम्बन्धी रोग, हर्मोनको गडबडी वा लामो समयसम्म स्टेरोइड जस्ता औषधिको सेवन हुन सक्छन् । कम उमेरमै हुने उच्च रक्तचापको कारणलाई सुधार गर्न सकिने हुन सक्छन् ।

**यस रोगका लक्षणहरू निम्न प्रकारका छन्ः**

अधिकांश बिरामीहरूमा उच्च रक्तचापको कुनै पनि लक्षण नदेखिन सक्छ । यसै कारण यो रोगलाई थाहा नहुने मृत्युको कारक (साइलेन्ट किलर) पनि भन्ने गरिन्छ ।

उच्च रक्तचाप भन्नाले सिस्टोलिक रक्तचाप १४० एमएमएचजी वा सोभन्दा माथि र डायस्टोलिक रक्तचाप ९० एमएमएचजी वा सोभन्दा माथि वा रक्तचाप कम गर्न औषधि सेवन गर्नुपर्ने अवस्था हो । जब रक्तचाप धेरै बढेको हुन्छ, तब टाउको दुख्ने, नाकबाट रगत बग्ने वा चक्कर लाग्ने हुन सक्छ ।

लामो समयदेखि उच्च रक्तचापको बिरामीमा रक्तचापका कारण विभिन्न जटिलताहरू जस्तै मुटुरोग वा मिर्गौला सम्बन्धी रोग वा पक्षघात पनि हुन सक्छ । तपाईंको परिवारमा यदि कोही उच्च रक्तचापबाट ग्रसित छन् भने तपाईंलाई पनि यो समस्या हुन सक्ने प्रवल सम्भावना हुन्छ । यसका साथै कम शारीरिक क्रियाकलाप, बढ्दो तौल, रगतमा बढ्दो चिल्लोपना, धुम्रपान गर्नाले वा मधुमेह रोगले उच्च रक्तचाप हुने जोखिम बढाउँछ ।



उच्च रक्तचापलाई नियन्त्रण गर्ने विभिन्न औषधिहरू उपलब्ध छन् । त्यसमध्ये चिकित्सकले तपाईंको आवश्यकता अनुसार कुनै औषधि छनौट गर्न सक्नुहुनेछ । रक्तचापको दीर्घकालीन नकारात्मक असरहरूबाट बच्न औषधिहरू नियमित रूपमा सेवन गर्न जरुरी हुन्छ ।

**तपाईंले उच्च रक्तचापको रोकथाम र व्यवस्थापन कसरी गर्न सक्नुहुन्छ ?**

-आफ्नो जीवनशैलीलाई परिवर्तन गर्नुहोस्

-सन्तुलित आहारमा बढी जोड दिने र आफ्नो स्वस्थ तौललाई कायम राख्ने ।

-खानामा नुनको प्रयोग कम गर्ने र फलफूल, सागसब्जी र दूधबाट उत्पादित चिल्लो कम भएका सामग्रीहरूको उपभोग प्रशस्त मात्रामा गर्ने ।

-नियमित शारीरिक व्यायाम गर्ने (हप्ताको कम्तीमा पाँच दिनसम्म हरेक दिन छिटो हिँड्ने, दौडिने, कमसेकम ३० मिनेट पौडी खेल्ने) ।

धुम्रपान नगर्ने तथा समयमै चिकित्सकसँग परामर्श लिनुहोस् । पूर्ण शारीरिक जाँच र उचित परीक्षण गराउनुपर्दछ । प्रायःजसो उच्च रक्तचाप बाहेक अन्य असामान्यताको पहिचान हुँदैन र यस्तो अवस्थालाई इसेन्टायल हाइपरटेन्सन भनिन्छ ।

नियमित रूपमा दिनहुँ औषधि सेवन गर्ने गर्नुपर्दछ । अन्यथा ती औषधिहरू लाभदायी हुने छैनन् ।

उच्च रक्तचापका बिरामीले आफ्नो रक्तचापको नियमित जाँच गराइराख्नु पर्दछ र साथै चिकित्सकको निर्देशनअनुसार समय-समयमा स्वास्थ्य जाँच गराउन जानु पर्दछ ।

समय-समयमा स्वास्थ्य जाँच गराउनाले तपाईंको रक्तचाप कतिको घटेको वा बढेको छ भन्ने कुरा जान्न सकिन्छ र सोही अनुरूप चिकित्सकले औषधिको मात्रा समायोजन गर्नेछन् । चिकित्सकको सल्लाह बिना तपाईं औषधि सेवन गर्न नछोड्नुहोस् । यदि औषधिको कारण केही प्रतिकूल असर भएमा, यसबारेमा आफ्नो चिकित्सकसँग सम्पर्क गर्नुहोस् ।

## स्थानीयले...

हालसम्म ७ हजार २ सय ८४ जना बेरोजगारी सुचीकृत भएको देखिन्छ भने यीमध्ये २ हजार १ सय ५९ जनाले रोजगारी पाएका छन् । नगरपालिकाभित्रका साना ठुला गरी १ सय ३३ वटा योजनाका कामहरु सम्पन्न भएको प्यूठान नगरपालिकाका प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक माधव गिरीले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ ।

**माण्डवीमा दुई करोडमाथि खर्च**

त्यस्तै माण्डवी गाउँपालिकामा पनि प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च बजेट हेर्दा बजेटको भोलुम ठुलै देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ देखि गत आर्थिक वर्षसम्ममा विनियोजित बजेट ३ करोड १८ लाख १६ हजार ९ सय ४० रुपैयाँ रहेको छ । गत आर्थिक वर्षको खर्च रकम छोडेर २ करोड ४७ लाख ६१ हजार १ सय १ रुपैयाँ बजेट खर्च भएको देखिन्छ । हालसम्म १ सय ४३ वटा योजनाहरु सम्पन्न भएका छन् र १ हजार १ सय ९१ जनाले रोजगारी पाएका छन् । बेरोजगारी सुचीमा ३ हजार ८ सय ८५ जना परेका छन् । रोजगारीका लागि आवेदन दिएका सबै बेरोजगारहरुले रोजगारी नपाएको माण्डवी गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक समीक्षा पौडेलले जानकारी दिइन ।

**ऐरावतीमा दुई करोड बढी खर्च**

प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु भएको आर्थिक वर्ष २०७५/०७६ मा ३५ लाख ७० हजार खर्च गरी १५ वटा योजना सम्पन्न गरेको ऐरावती गाउँपालिकाले हालसम्म २ करोड बढी रकम खर्च गरिसकेको छ । गत आर्थिक वर्षमा ४४ लाख ५२ हजार रकम विनियोजन गरी १४ वटा योजनाका काम भइरहेको छ भने ६८ जनाले रोजगारी पाएका छन् । २ करोड ८६ लाख ८३ हजार ५ रुपैयाँ बजेट विनियोजन भएकोमा २०७९/०८० सम्म २ करोड ३६ लाख एक हजार ४ सय ५९ रुपैयाँ खर्च भएको देखिन्छ ।

सुचीकृत बेरोजगार व्यक्ति ३ हजार २ सय २० जनामध्ये ८ सय ७९ जनाले रोजगार पाएका छन् । वडास्तरीय बाटो तथा गोरेटो बाटो निर्माण, वडास्तरीय पर्खाल निर्माण, जुडा ऐरावती मोटरबाटो मर्मत सुधार, बरौलाकोट सिढी निर्माण तथा बाटो सुधार, घडेरीडाँडा तलपोखरी सडक मर्मत, हरियाखोलादेखि नौघाटसम्म मोटरबाटो मर्मतलगायतका ऐरावतीमा ६ वटै वडाहरुमा गरी ९८ वटा योजनाहरु सम्पन्न भएको प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक विनोद तिवारीले जानकारी दिए ।

**स्वर्गद्वारी नगरपालिकामा साढे ३ करोड माथि खर्च**

स्वर्गद्वारी नगरपालिका प्यूठानको आर्थिक वर्ष २०७६/०७७ सालदेखि आर्थिक वर्ष २०८०/०८१ सम्म ३ करोड ३१ लाख १९ हजार रकम विनियोजन भएको छ । ६१ वटा योजनाहरुको काम सम्पन्न भएका छन् । अमल्टारदेखि भकारे हुँदै नदी झर्ने गोरेटोबाटो, सुर्योदय माविदेखि सिद्धथान जोड्ने गोरेटोबाटो, बुढादेवी देवाली थानदेखि सारीकोटसम्म जोड्ने गोरेटोबाटो, मैटार पक्की गोरेटोबाटोलगायतका योजनाहरु यसै वर्ष सम्पन्न भएका छन् । २ हजार ८ सय ५२ जना बेरोजगारी सुचीकृत भएकामध्ये ५ सय २२ जनाले रोजगारी पाएका छन् । गत आर्थिक वर्षसम्म गरी ३ करोड ५५ लाख ५ हजार ५ सय रकम खर्च भएको प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक रमेश पोखरेलले जानकारी दिए ।

**कार्यक्रम प्रभावकारी नभएको गुनासो**

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रमको तथ्यांक हेर्दा बेरोजगारीको संख्या थुप्रै देखिन्छ र बजेट पनि प्रशस्त खर्च भएको पाइन्छ । तर, योजना तथा कामको गुणस्तर भने निकै कमजोर छ । यो कार्यक्रमको मोडालिटी परिवर्तन गर्नुपर्ने प्यूठान नगरपालिका ५ का स्थानीयवासी शोभाराम भट्टराईले बताए । 'सधैँ झार उखेल्ने, बाटो र कुलो खन्ने योजना चलाएर मात्रै हुँदैन,' उनी भन्छन्-'बेरोजगारहरूलाई जीवन निर्वाह हुने खालको कार्यक्रम सञ्चालन गरिनुपर्छ । यसका लागि बेरोजगारहरूलाई सीपमूलक तालिम सञ्चालन गरिनुपर्छ ।'

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गरिएको बाटो सोर्ने, नाला सोर्ने, झार गोड्ने, गोरेटो बाटो बनाउने जस्ता योजनाहरु ९० प्रतिशत प्रभावकारी नभएको उनको भनाइ छ ।

पछिल्लो समयमा बनेका कामहरु अलि प्रभावकारी हुन थालेको उनको बुझाइ छ । बेरोजगारहरूलाई सीपमूलक तालिम दिन सके उनीहरूको जीवन निर्वाह सहज हुने माण्डवी गाउँपालिका ३ निवासी लवकुमार अधिकारीको बुझाइ छ । 'अहिले यस कार्यक्रमअन्तर्गत न्यूनतम १०० दिनको रोजगारी दिँदै आएको छ ।

यसबाट केही हदसम्म बेरोजगारहरूको आर्थिक अवस्था सुधार भएको छ,' उनी भन्छन्-'बेरोजगारहरूको आर्थिक अवस्थामा दीर्घकालीन रूपमा सुधार गर्न उनीहरूलाई सीपमूलक तालिम दिन आवश्यक छ ।' माण्डवी गाउँपालिका ३ का वडाध्यक्ष धनेन्द्र कार्कीले सुरुका योजनाहरु प्रभावकारी नभएको बताए । 'गोरेटो बाटो बनाउने, कुलो सोर्ने, नाला सोर्ने जस्ता काम भएका थिए,' उनले भने-'पछिल्लो आर्थिक वर्षदेखि यस्ता काम हामीले बन्द गरेर पक्की सडक, पक्की कुलो, भकारो सुधार कार्यक्रमका योजना अघि सारेका छौं ।'

प्यूठानका अन्य स्थानीय तह मल्लरानी गाउँपालिका, झिमरुक गाउँपालिका, गौमुखी गाउँपालिका र नौबहिनी गाउँपालिकाको अवस्था पनि उस्तै छ ।

**रोजगार कार्यक्रम किन ?**

मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्व उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सरकारले यो कार्यक्रम सञ्चालन गरेको हो । मन्त्रिपरिषद् बैठकले २०७५ माघ २५ गते प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका जारी गर्दै यो कार्यक्रम लागू गरेको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रमका अनुसार कार्यक्रमको उद्देश्य बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने रहेको छ । यस्तै, सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूबिचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने, दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने, आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने, सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने, आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने यस कार्यक्रमको लक्ष्यहरु रहेका छन् । तर, प्यूठानको स्थानीय तहहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवस्था हेर्दा कार्यक्रमको लक्ष्यसँग खासै मेल खाएको देखिंदैन ।

## आर्थिक...

नेपाल आफ्नै गतिमा आर्थिक विकासको मार्गमा अगाडि बढिरहेको भन्दै उनले सन् २०२६ सम्ममा अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति हुने तय भइसकेको बताए ।

नेपालसँग हरित अर्थतन्त्रको मेरुदण्ड बन्न सक्ने विशाल प्राकृतिक स्रोत रहेको उनले बताए । जलविद्युत् सम्भावना अझैं धेरै हदसम्म उपयोग हुन बाँकी रहेको उनको भनाइ छ ।

दिगो पर्यटनले प्राकृतिक र सांस्कृतिक सम्पदालाई उपयोग गर्ने मार्ग प्रदान गर्ने भन्दै उनले इको-पर्यटन, पदयात्रा, र संरक्षण क्षेत्रले रोजगार सिर्जना गर्न, राजस्वमा योगदान पुर्‍याउन, र भविष्यका पुस्ताहरूको लागि हाम्रो वातावरणलाई संरक्षण गर्न सक्ने बताए ।

## मानव...

**वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा जोड**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मानव वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गर्न वन्यजन्तुमैत्री पूर्वाधर निर्माण आवश्यक भएकाले सबै पक्ष संवेदनशिल हुनुपर्ने बताउँछन् । पछिल्लो समय मानव वन्यजन्तु द्वन्द्वका घटना बढेका छन् ।

लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा अहिले पनि मानव वन्जजन्तु द्वन्द्वका घटनाहरुले चिन्तित बनाउँदै लगेको छ । प्रदेश सरकारले मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपायहरु खोजेर त्यसमा प्राथमिकता निर्धारण गर्न अपिल गरेको छ । एक्लो सरकारी निकायको प्रयासले मात्र मानव वन्यजन्तुको द्वन्द्व समाधान गर्न नसकिने भन्दै यसमा सबै निकाय बिचमा सहकार्य हुनुपर्नेमा मुख्यमन्त्री आचार्यले जोड दिए ।

वनभित्र वन्यजन्तुको आहारा व्यवस्थापनदेखि पानीको स्रोत वृद्धिमा योजना निर्माण गरेर काम थालिएको छ । 'पुराना पानीका मुलहरु सुके । ति मुलहरुको संरक्षण गरेर फेरि पानी चल्ने बनाउनुपर्छ । सरकारले संरक्षण पोखरीसँगै पुराना पानीको मुल संरक्षण गरेर बचाउन कार्यक्रम बनाएको छ,' उनले भने-'वातावरणमा आउने असन्तुलनले मानव जीवन र पर्यावरणमा कस्तो असर पर्छ सबैलाई महशुस भएको विषय हो । वन, वातावरण, जैविक विविधताको संरक्षणबाट सबैको अस्तित्व बचाउन सक्छौं ।'

**किन बढ्दै छ द्वन्द्व ?**

लुम्बिनी प्रदेशमा मानव वन्यजन्तुको द्वन्द्व व्यवस्थापनको क्षेत्रमा अध्ययन समेत गरिएको छ । २०७८ सालमा सार्वजनिक गरिएको अध्ययन प्रतिवेदनमा वन्यजन्तुको बासस्थान, आहार, विचरणलागयतका पक्षसँग मानवीय क्रियाकलापहरू प्रतिस्पर्धा गर्न वा बाझिन आइपुग्दा त्यस्ता क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व उत्पन्न भएको उल्लेख छ । जनसंख्या वृद्धिसँगै वन्यजन्तुहरूको प्राकृतिक आहार र बासस्थानको खण्डिकरण तथा संकुचन भएकाले तिनीहरू खाना र बासको खोजीमा मानवका खेती तथा बस्तीमा प्रवेश गर्दा मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढिरहेको उल्लेख छ।हाल सामुदायिक वनमार्फत् वनक्षेत्र पुनर्स्थापना हुँदै जाँदा पछिल्ला वर्षहरूमा वन्यजन्तुको पुनरागमन भएका कारण यो द्वन्द्व थप बढ्दो प्रतिवेदनमा समेटिएको छ । वनक्षेत्रमा पछिल्लो दुई दशकयता सामुदायिक वनको व्यवस्थापनमार्फत् वन क्षेत्र विस्तार तथा वृद्धि, वन्यजन्तुको बासस्थानमा सुधार र सहभागितात्मक चोरी शिकारी नियन्त्रणलगायतका कामहरूबाट वन्यजन्तुको संख्यामा उल्लेख्य वृद्धि भएको पाइएको छ ।


### CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For National Competitive Bidding

Date of publication: 2081/06/06 (22 September, 2024)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 3000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

**Prebid Meeting :- 2081/06/26 BS (9th October 2024) 13:00 Hrs.**
**Last Date of Bid Purchase and Submission: 22th October 2024 (2081/07/06) 12:00 Hrs.**

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT & Contingencies | Bid Security Amount with min. Validity up to 19th February 2025 |
|---|---|---|---|
| 1 | Kalika Mandir-Arghatosh-Majhkot-Chhatradevalaya Mandir Motorable Road Upgrading Works CRM/ARG/NCB/W/01/081/82 | 38,85,778.51 | 1,23,000/- |
| 2 | Arghatosh-Chidipani-Milmile Motorable Road Pitch Works CRM/ARG/NCB/W/02/081/82 | 48,10,302.82 | 1,52,000/- |



### Bardaghat Municipality
### Office of the Municipal Executive
### Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

## INVITATION FOR BIDS (EBIDDING ONLY)

(Publication Date: 2024/09/22)

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works/04/ 081/082 | Construction of Ward Office Building, Bardaghat-15 | 90/120 days | 40,25,766.16 | 1,18,000 | 3000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (AntarikRajaswo): 0832050028211002 | Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (DharautiKhata): 8341498482524004 |
| **Deadline of bid submission** | **Date and time of bid opening** |
| 2024/10/22 till 12:00 Noon | 2024/10/22 at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



### Tansen Municipality
### Office of the Municipal Executive
### Tansen, Palpa
### Lumbini Province, Nepal

## Invitation for Online Bids

Date of publication: 2081/06/06 ( Sept 22, 2024)

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

***Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa***

***Name of the Office: Tansen Municipality Office, Tansen, Palpa***

***Rajaswa Account No.: 3030100301010004***

***Bid Validity Period: 90 days***

***Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.***

| S.N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | TM/PLP/W/ NCB/01/ 2081-082 | Road Upgrading work (batase chandibhajyang Bulke, Jorte Road) Tansen-5, Palpa | 1,91,51,511.59 | 3000.00 | 5,00,000 | 2081/07/06 12.00 PM (Oct. 22 2024) |
| 2 | TM/PLP/W/ NCB/02/ 2081-082 | Walkway Upgrading work (Pa. Pa.school to shreenagar danda), Tasnen-1 and 3, Palpa | 1,05,33,332.42 | 3000.00 | 2,70,000 | |
| 3 | TM/PLP/W/ NCB/03/ 2081-082 | Drainage Management Work ( Bagbani culvert to Raksaha), Tansen-4 and 7, Palpa | 95,75,761.10 | 3000.00 | 2,45,000 | |
| 4 | TM/PLP/W/ NCB/04/ 2081-082 | Road Upgrading work (Pravash Road), Tansen-7, Pravash Pipaltari, Raksaha, Palpa. | 38,30,182.08 | 3000.00 | 1,00,000 | |
| 5 | TM/PLP/ W/NCB/05/ 2081-082 | Road Improvement work (Janapriya Ma.Vi., Phurke Aanm to Palepipal), Tansen 6, Palpa. | 57,45,421.86 | 3000.00 | 1,50,000 | |
| 6 | TM/PLP/W/ NCB/06/ 2081-082 | Sewerage Drain constuction work, Narayansthan to Teendhara, Tansen-2, Palpa | 57,45,302.00 | 3000.00 | 1,50,000 | |

**Chief Administrative Officer**
**Tansen Municipality Office**



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# बोधिवृक्ष करिडोर बनाउन वृक्षरोपण





बुटवल । सिद्धार्थ गौतमको दरबार रहेको तिलौरोटदेखि बुद्ध जन्मस्थल लुम्बिनीसम्मको सडकलाई बोधिवृक्ष करिडोर बनाउने पहलअन्तर्गत शनिबारदेखि दुईदिने पैदल यात्रासहित वृक्षरोपण अभियान थालिएको छ ।

भविष्यमा बुद्धले ज्ञान प्राप्त गरेको बोधगयासम्म बोधिवृक्ष करिडोर बनाउने लक्ष्यसहित पहिलो चरणमा तिलौराकोट-लुम्बिनी सडकको दुबैतर्फ बर-पिपललगायतका बिरुवा रोप्न थालिएको हो । ३२ कलोमिटर दूरीको यो सडक खण्डमा भारत र नेपालका वृक्षरोपण अभियान्ताहरु दुई दिनसम्म पैदल यात्रा गर्दै करिब एक हजार थान बिरुवा रोप्ने छन् ।

पिपल, निम, तुलसी अभियान पटना भारत र जनकपुरधाम वन प्राविधिक समाजको आयोजना र तिलौराकोट साझेदारी वन उपभोक्ता समूहको सहआयोजनामा वृक्षरोपण सुरु भएको हो ।

दुई दिनसम्म तिलौराकोटदेखि लुम्बिनीसम्म पिपल, बर, पारिजात, गुलमोहर, निम, तुलसी, कपुरलगायत जातका करिब एक हजार बिरुवाहरु रोप्न लागिएको सहआयोजक तिलौराकोट साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष जयप्रकाश पाण्डेयले बताए । पहिलो दिन कपिलवस्तुको पकडीसम्म पाँच सय बिरुवा रोपिएको र दोस्रो दिन आइतबार थप पाँच सय बिरुवा रोपिने आयोजकले जनाएका छन् ।

वृक्षारोपणका लागि भारतको उत्तरप्रदेश, उत्तराखण्ड, हिमाञ्चल, उडिसालगायत प्रदेशबाट २५ जना र जनकपुरबाट २५ जना वन प्राविधिको टोलीले विभिन्न जातका बिरुवा ल्याएर आएका छन् ।

अभियानमा तिलौराकोट साझेदारी वन उपभोक्ता समूहले करिब एक हजार बिरुवा उपलब्ध गराएको छ ।

यो अभियानमा कपिलवस्तुका कपिलवस्तु नगरपालिका, शुद्धोधन गाउँपालिका, मायादेवी गाउँपालिका, मायादेवी साझेदारी वन तथा रुपन्देहीका लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी साझेदारी वनले सहकार्य गरेका छन् ।

यो वृक्षरोपण अभियानले लुम्बिनीको पर्यटन प्रवर्द्धनसँगै वातावरण र जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा ठूलो योगदान पुग्ने आयोजकको विश्वास छ । यो अभिययानलाई स्थानीय, प्रदेश र संघ सरकारले अपनत्व लिइ वृक्षरोपणलाई निरन्तरता दिएर ३२ किलोमिटर सडक खण्डलाई पूर्ण हरियालीयुक्त बनाउन सके देशकै नमूना हुने, लुम्बिनी र तिलौरोकाटको पर्यटन प्रवर्द्धनमा कोसेढुंगा सावित हुने सरोकारवालाको भनाइ छ ।

*तस्वीर सौजन्य : चन्द्रप्रकाश पाठक ।*

# अस्पताल बन्यो, तर सञ्चालनमा आएन



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुरको पहाडी क्षेत्रमा रहेको बौदीकाली गाउँपालिकामा १८ करोडको लागतमा १५ शैयाको अस्पताल भवन निर्माण सम्पन्न गरेको छ । तर दरबन्दी र उपकरण अभावले अस्पताल सञ्चालनमा आउन सकेको छैन ।

भवन निर्माण भए पनि अस्पताल सञ्चालनमा आउन सकेको छैन । केन्द्र सरकार स्वास्थ्य मन्त्रालयको सहयोगमा भवन निर्माण गरिएको हो ।

गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मेघबहादुर ठाडा मगरले हाल यहाँ रकुवा प्राथमिक स्वास्थ्य केन्द्रलाई विस्तार गरेर बौदीकाली आधारभूत अस्पतालका रूपमा विस्तार गर्न लागिएको भएता पनि अस्पतालका लागि चाहिने कुनै पनि उपकरण र जनशक्ति नभएकोले अस्पताल सञ्चालनमा ल्याउन नसकिएको बताए ।

नयाँ बनेको अस्पताल भवनको आडमै रकुवा प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको छ, तर आडमै बनेको दरबार जत्रो अस्पताल भवन भने अहिले बन्द अवस्थामा छ । रकुवा प्राथमिक स्वास्थ्य केन्द्रमा नै अहिले दैनिक ३० देखि ४० जना बिरामी आउने गरेका छन् ।

प्रथामिक स्वास्थ्य केन्द्रकै दरबन्दी र उपकरणले अस्पताल सञ्चालन गर्न आर्थिक र जनशक्ति सबै हिसाबले अप्ठेरो हुने बौदीकाली गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मेघबहादुर ठाडा मगर बताउँछन् ।

अहिले अस्पतालमा चाहिने टेबल, कुर्सी समेत छैन । प्राथमिक स्वास्थ्य अस्पतालका लागि २८ जनाभन्दा बढीको दरबन्दी हुनुपर्नेमा अहिले एक जनाको पनि दरबन्दी नरहेको बौदीकाली गाउँपालिका अध्यक्ष प्रकाश ओझाले जनाए ।

दरबन्दी अभाव र उपकरण अभावकाबिच बौदीकाली गाउँपालिकाले भने नयाँ भवनमा अस्पताल सञ्चालन गर्ने तयारी गरेको छ । गाउँपालिका अध्यक्ष प्रकाश ओझाले अस्पताल भवन निर्माण सकिए लगत्तै दरबन्दी मिलानलगायतका विषयमा आफूले पहल गरिरहेको र १ महिनाभित्रै प्रधानमन्त्री केपी शर्मा ओलीबाट अस्पतालको उद्घाटन गराउने तयारी गरेको जानकारी दिए ।

उनले तत्काल दरबन्दी मिलान नभए पनि रकुवा प्राथमिक स्वास्थ्य केन्द्रको जनशक्तिले भए पनि तत्काललाई अस्पताललाई सञ्चालनमा ल्याउने जानकारी गराए । यो अस्पताल सञ्चालनमा आउन सके बौदीकाली गाउँपालिकाको मात्र नभएर नवलपुरको बुलिङटारका साथै तनहूको नवलपुरसँग सिमाना जोडिएका केही पालिकाका बासिन्दाहरुलाई पनि स्वास्थ्य सेवामा पहुँच बढ्ने गाउँपालिका अध्यक्ष ओझाले बताए ।

# बीएचटीएम पढ्दै, सिक्दै, कमाउने अवसर




भैरहवा । लुम्बिनी बौद्ध विश्वविद्यालय र सिद्धार्थ हस्पिटालिटीको सहकार्यमा ४ वर्षे ब्याचलर इन हस्पिटालिटी एन्ड टुरिजम म्यानेजमेन्ट (बीएचटीएम) पढाइने भएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालय र सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीअन्तर्गतको सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटीबिच सहकार्यमा पढ्दै, सिक्दै, कमाउने अवसर विद्यार्थीहरुले पाउने भएका हुन् ।

बीएचटीएम अध्ययन गर्ने विद्यार्थीलाई बौद्ध दर्शनसमेतको सैद्धान्तिक र व्यावहारिक ज्ञानका साथ पढ्दै कमाउँदै गर्ने अवसर उपलब्ध गराउने उद्देश्यले दुई संस्थाबिच सम्झौता भई सहकार्य भएको हो । विद्यार्थीले चार वर्षे कोर्समा पहिलो सेमेस्टरमा बौद्ध दर्शनसँगै होटल व्यवस्थापनबारे आधारभूत ज्ञान लिनेछन् । दोस्रो सेमेस्टरदेखि उनीहरुले पढ्दै, पैसा कमाउन सक्ने गरी कोर्स डिजाइन गरिएको सिद्धार्थ बिजनेस ग्रुपका प्रमुख कार्यकारी अधिकृत (सीइओ) कृष्णप्रसाद न्यौपानेले जानकारी दिए । कोर्समा विद्यार्थीले पर्यटन व्यवस्थापन पनि पढ्न पाउनेछन् ।

'विद्यार्थीले पढाइका लागि गर्ने कुल खर्च ७ लाखमध्ये अधिकांश खर्च पढाइ पूरा गर्दा रिकभर गर्न सकुन् भन्ने हाम्रो उद्देश्य हो । सोहीअनुसार कोर्स पनि डिजाइन गरिएको छ', सीइओ न्यौपानेले भने-'विद्यार्थीले सिद्धार्थ हस्पिटालिटीअन्तर्गतका विभिन्न होटल, रिसोर्ट एवं क्याफेमा प्रयोगात्मक कक्षा लिँदै तिरेको शुल्कको ७० प्रतिशतसम्म कमाउन सक्नेछन् ।'

विद्यार्थीको ज्ञान, सीप र व्यवहार तीन वटै पक्षको प्रभावकारी सिकाइ र मूल्यांकन हुने गरी कोर्स डिजाइन गरिएको प्रध्यापक श्रीप्रसाद भट्टराईले बताए । 'पहिलो वर्ष ४० जना विद्यार्थीबाट कोर्स मंसिरको पहिलो साताबाट सिद्धार्थ भिलाष होटेलमा सुरु गर्दैछौं । हस्पिटालिटी क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने र स्वदेशमै उनीहरुलाई टिकाइराख्न इन्स्टिच्युटसँग सहकार्य गरिएको हो ।'-उनले भने ।

'अध्ययन पूरा गरिसक्दा यस क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन होस् भन्ने हाम्रो चाहना हो । प्लस टुपछि उच्च शिक्षाका लागि प्रत्येक वर्ष ठूलो संख्यामा विद्यार्थी विदेश पलायन भइरहेका छन् । यस सहकार्यमार्फत् विद्यार्थीले पढ्दै, कमाउँदै गर्न पाउने भएकाले उनीहरुलाई केही हदसम्म भए पनि स्वदेशमै रोक्न सकिने विश्वास छ', उनले भने -'विद्यार्थीको प्रयोगात्मक कक्षाको आबद्धताका आधारमा क्रेडिट आवर गणना हुन्छ र थप समय काम गरी वर्किङ आवरका आधारमा कमाउन सक्नेछन् ।'

बौद्ध दर्शनका विविध आयाममा अध्ययन, अनुसन्धान र सहकार्य गर्ने उद्देश्यका लागि सिद्धार्थ बिजनेस ग्रुपसँग सहकार्यबाट विश्वविद्यालयले अझ धेरै प्राज्ञिक विशिष्टता हासिल गर्दै सक्षम र सबल जनशक्ति उत्पादन हुने र समग्र व्यवसायिक क्षेत्रले लाभ प्राप्त गर्ने अपेक्षा राखिएको छ ।

# जनप्रतिनिधि सहित पाँच जना पक्राउ



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

वडा प्रहरी कार्यालय वालिङले शनिबार माछा मार्नेक्रममा जनप्रतिनिधिसहित पाँच जनालाई पक्राउ गरेको जनाएको छ । शनिबार बिहान ४ बजे ग २ च २८६३ नम्बरको गाडीसहित वालिङ १ रामबाच्छाबाट उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । वालिङ १३ पाठेखोलाका दिपक जिटीको नेतृत्वमा आँधीखोलामा विद्युतीय माध्यमबाट (करेन्ट लगाएर) माछा मारेर गाडीमा ल्याउनेक्रममा प्रहरीले नियन्त्रणमा लिएको थियो । जिटी वालिङ नगरपालिका १३ का वडा सदस्य रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाका अनुसार पक्राउ पर्नेमा सोही ठाउँका वर्ष २५ का मनोज सहनी, वर्ष ४२ का प्रमोद सहनी, वर्ष २८ का सञ्जय सहनी र वर्ष ३२ का बालकृष्ण सहनी रहेका छन् । उनीहरुलाई जलचर ऐन, २०१७ अनुसार आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुजन विकले बताए । जलचर ऐन २०१७ अनुसार करेन्ट लगाएर माछा मार्नेलाई १ हजारदेखि ५ हजारसम्म जरिवना तोकिएको छ ।

माछा मार्दा प्रयोग हुने विद्युतीय सामग्रीसहित गाडी प्रहरीले बरामद गरेको छ । जनप्रतिनिधि समेत रहेका जिटीलाई पटक–पटक माछा मार्नेक्रममा पक्राउ पर्दै प्रहरीले छाड्ने गरेको बताइएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com